## सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (पाँचौँ संशोधन), २०८२

नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८२।०४।१६

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ लाई समय सापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को परिच्छेद-१५ को दफा १६२ ले दिएको अधिकार प्रयोग गरि सूर्योदय नगर कार्यपालिकाले यो संशोधन स्वीकृत गरि लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद (पाँचौँ संशोधन) नियमावली, २०८२" रहने छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:-

(क) "मूल नियमावली" भन्नाले सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ लाइ सम्झनु पर्दछ।

३. मूल नियमावलीको परिच्छेद-९ को नियम १०४ को उपनियम (११) पछि देहाय बमोजिमको उपनियम (१२) थप गरिएको छ।

देहाय:

"(१२) नगरपालिकाले वार्षिक ५ (पाँच) लाख रुपैयाँसम्म घरजग्गा भाडामा रहने वडा कार्यालय, नगरपालिकाको शाखा र जिन्सी व्यवस्थापन गर्न भाडा रकम सम्बन्धमा घरधनीसँग सम्झौता गरि एकै स्थान वा आवश्यकता अनुसार अलग-अलग स्थानमा घरजग्गा, फ्ल्याट तथा कोठा भाडामा लिन सक्नेछ।"

४. मूल नियमावलीको परिच्छेद-९ को नियम १०७ को उपनियम (१८) मा भएको व्यवस्था पछि देहाय बमोजिमको वाक्याशं थप गरिएको छ।

देहाय

"(१८) ........ यदि उपभोक्ता समिति वा टोल विकास संस्था वा लाभग्राही समुदायको अध्यक्ष महिला भएको अवस्थामा जनसहभागिता एवम् लागत सहभागिता १०% (५% नगद र ५% श्रम) कम नहुने गरि निर्धारण गर्नुपर्नेछ।"